स्थानीय राजपत्र

मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित

बर्ष ८ मध्यपुर थिमि भक्तपुर फागुण १३ ,२०८१

भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले जारी गरेको **ऋण सूचना केन्द्र सञ्चालन कार्यविधि २०८१** सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८१ सालको कार्यविधि, नं.**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/११/१३**

## ऋण सूचना केन्द्र सञ्चालन कार्यविधि २०८१

**प्रस्तावना :**

मध्यपुर थिमि नगरपालिकाको सहकारी नियमावली २०८० को परिच्छेद ५, नियम १८ मा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, सहकारी संस्थाका सदस्यहरुले सहकारी संस्था बाट लिएको ऋण तथा ऋणको अवस्थाबारे सरोकारवाला सहकारी संस्थाहरुलाई जानकारी दिई सदस्यहरुलाई प्रदान गरेको ऋणलाई खराव ऋण सूचीमा वर्गीकरण हुने जोखिमलाई न्यूनिकरण गर्न तथा सदस्यको क्षमता भन्दा बढी ऋण लगानी हुनबाट सजक गराउनका लागि एक ऋण सूचना केन्द्रको आवश्यक भएकोले सहकारी नियमावली २०८० बमोजिम मध्यपुर थिमि नगरपालिकाले यो "ऋण सूचना केन्द्र सञ्चालन कार्यविधि २०८१" जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम"ऋण सूचना केन्द्र सञ्चालन कार्यविधि २०८१" रहनेछ ।

(ख) मध्यपुर थिमि नगरपालिकाले तोकेको मिति देखि प्रारम्भ (लागू) हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) 'कार्यविधि' भन्नाले यसै 'ऋण सूचना केन्द्र सञ्चालन कार्यविधि २०८१' लाई सम्झनु पर्छ ।

(ख) 'सहकारी ऐन' भन्नाले मध्यपुर थिमि नगरपालिकाले जारी गरेको स्थानीय सहकारी ऐन २०७९ लाई सम्झनु पर्छ ।

(ग) 'सहकारी नियमावली' भन्नाले मध्यपुर थिमि नगरपालिकाले जारी गरेको स्थानीय सहकारी नियमावली २०८० लाई सम्झनु पर्छ ।

(घ) 'सहकारी संस्था वा संस्था' भन्नाले प्रारम्भिक सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ङ) 'निकाय'भन्नाले मध्यपुर थिमि नगरपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा नगरपालिका अन्तरगतका कार्यालयहरुलाई सम्झनु पर्छ ।

(च) 'ऋणी' भन्नाले सहकारी संस्थाबाट ऋण लिने सदस्यतथा ऋणको जमानीदिने व्यक्तिलाई सम्झनुपर्छ ।

(छ) 'नगरपालिका' भन्नाले मध्यपुर थिमि नगरपालिकालाई सम्झनु पर्छ ।

(ज) 'पदाधिकारी' भन्नाले ऋण सूचना केन्द्र व्यवस्थापन समितिका पदाधिकारीहरु तथा सहकारी शाखाका प्रमुख समेतलाई सम्झनु पर्छ ।

(झ) 'व्यवस्थापन समिति' भन्नाले सहकारी नियमावलीको दफा १९ बमोजिम गठन भएको ऋण सूचना केन्द्र व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

३. उद्देश्यहरु :

यस कार्यविधि निर्माणका उद्देश्यहरु देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय सहकारी नियमावलीको नियम १८ को व्यवस्था कार्यान्वयन गर्ने ।

(ख) सहकारी संस्थाका सदस्यहरुले सहकारी संस्थाबाट लिएको ऋण तथा ऋणको अवस्था बारे सरोकारवाला सहकारी संस्थाहरुलाई जानकारी गराउने ।

(ग) सदस्यको ऋणको अवस्था जानकारी गराउने ।

(घ) सदस्यको क्षमता भन्दा बढी ऋण लगानी हुनबाट संस्थालाई सजक गराउने ।

(ङ) सहकारी संस्थाको ऋण अनुगमन गर्न सहयोग गर्ने ।

४. ऋण सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालक :

सहकारी नियमावलीको नियम १८ को अधिनमा रही नगरपालिकाले ऋण सूचना केन्द्रका लागि निम्न अनुसार व्यवस्थापन गर्नेछ ।

(क) आवश्यक जनशक्तिको व्यवस्था ।



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

(ख) सहकारी संस्थाहरुबाट डाटा प्राप्त गर्न स्वचालित कम्प्युटर प्रणाली ।

(ग) डाटा भण्डारण सम्बन्धी व्यवस्था ।

(घ) प्रारम्भिक सहकारी संस्थाहरुलाई तालिम

**५. संस्थाको विवरण अद्यावधिक गर्ने :**

ऋण सूचना केन्द्रमादर्ता हुने संस्थाले देहायको विवरणहरु अद्यावधिक गर्नु पर्नेछ ।

(क) संस्थाको नाम, ठेगाना :

(ख) दर्ता नं. / दर्ता मिति :

(ग) प्यान नं. :

(घ) सम्पर्क व्यक्ति :

(ङ) सम्पर्क नम्बर :

(च) सञ्चालक समितिका पदाधिकारीहरुको नाम/मोबाईल नम्बर :

(छ) लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको नाम/मोबाईल नम्बर :

(ज) ऋण उप–समितिका पदाधिकारीहरुको नाम/मोबाईल नम्बर :

(झ) व्यवस्थापकको नाम÷मोबाईल नम्बर :

(ञ) ऋण अधिकृत वा ऋण हेर्ने कर्मचारीको नाम/मोबाईल नम्बर :

(ट) ऋण सूचना केन्द्रको सञ्चालन गर्ने जिम्मेवार कर्मचारीको नाम/मोबाईल नम्बर :

**६. ऋण सम्बन्धी जानकारी पठाउने :**

(क) नगरपालिकाको सहकारी शाखाले प्रत्येक बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरुलाई आफ्नो संस्थाका ऋणी सदस्यहरुको विवरण कम्प्युटर प्रणालीमा प्रविष्टि गर्नका लागि युजर तथा पासवर्ड उपलब्ध गराउनेछ ।

(ख) नगरपालिकाको नियमन क्षेत्र भित्रका, नगरपालिका भित्र मूख्य कार्यालय भएको बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरुले आफ्ना सबै ऋणी सदस्यहरुको र नगरपालिका भित्र सेवा केन्द्र



स्थानीय सरकार ... पुर थिमि नगरपालिका २०७३

सञ्चालन गर्ने सहकारी संस्थाहरुले नगरभित्रका स्थायी बसोबास गर्ने सदस्यहरुको निम्न अनुसारको विवरण ऋण प्रदान गर्ने वित्तीकै नगरपालिकाले उपलब्ध गराएको कम्प्युटर प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ।

(अ) सदस्यको तीनपुस्ते विवरण सहित नाम तथा विवाहित सदस्यको हकमा पति पत्नीको नाम थर ।

(आ) स्थायी/अस्थायी ठेगाना

(इ) सदस्यको नागरिकतानम्बर वा राष्ट्रिय परिचयपत्र नं.

(ई) मोबाईल नम्बर

(उ) ऋण रकम, ऋण प्रदान गरेको मिति, अन्तिम भुक्तानी मिति, ऋण नम्बर, ऋण शीर्षक, ऋणको धितो विवरण, जमानी विवरण

(ग) सहकारी संस्थाहरुले अद्यावधिक भएका सम्पूर्ण ऋण सदस्यहरुको ऋणको उपदफा (ख) बमोजिम विवरण प्रत्येक महिनाको मसान्तमा अनिवार्य अद्यावधिक गर्नु पर्नेछ ।

(घ) संस्थाले उपदफा (ग) बमोजिम ऋणीहरुको विवरण अद्यावधिक गरी तत्काल सन्तुलन परिक्षण समेत अद्यावधिक गर्नु पर्नेछ ।

७. **जानकारी प्राप्त गर्ने :**

सहकारी संस्थाले सदस्यको ऋण सम्बन्धी जानकारी निम्न अनुसार प्राप्त गर्नेछ ।

(क) संस्थालाई नगरपालिकाले प्रदान गरेको युजर आई.डी. प्रयोग गरेर सम्बन्धित सदस्यको ऋण सम्बन्धी जानकारी माग गर्न सक्नेछ । ऋण सम्बन्धी जानकारी माग गर्दा सम्बन्धीत सदस्यको नाम थर वा नागरिकता नम्बर वा राष्ट्रिय परिचयपत्र नम्बर वा मोबाईल नम्बर र सम्बन्धित संस्थामा ऋण माग गरेको निवेदनको दर्ता नम्बर प्रविष्टि गरी जानकारी लिन सकिनेछ ।

(ख) उपदफा (क) बमोजिम माग गरेको जानकारी स्वचालित कम्प्युटर प्रणालीबाट स्वचालित रुपमा जानकारी प्राप्त गर्न सक्नेछ ।

(ग) उपदफा (क) बमोजिम सहकारी संस्थाहरुले माग गरेको जानकारीको विवरण कम्प्युटर प्रणालीमा अभिलेख रहने व्यवस्थाहुनेछ । जानकारी मागगर्ने संस्थाको नाम, युजर आई.डी., जानकारी मागगर्ने व्यक्तिको विवरण, माग गरेको मिति, समय, माग गरेको पटक अभिलेखको रुपमा रहनेछ ।

८. ऋणको जानकारी :

सहकारी संस्थाका सदस्यको ऋण सम्बन्धी निम्न अनुसारको जानकारी प्रदान गरिनेछ ।

(क) व्यक्तिको नाम थर, पति/पत्नीको नाम सहित तीनपुस्ते विवरण

(ख) स्थानी/अस्थायी ठेगाना

(ग) नागरिकता नम्बर/राष्ट्रिय परिचयपत्र नम्बर

(घ) बर्गीकरणको आधारमा ऋण रकम (धितो वा विनाधितो ऋण, बचत धितो ऋण, ५० हजार सम्मको ऋण, १ लाख सम्मको ऋण, ५ लाख सम्मको ऋण, १० लाख सम्मको ऋण, २५ लाख सम्मको ऋण, ५० लाख सम्मको ऋण र सो भन्दा माथिको ऋण ।

(ङ) ऋण प्रदान गरेको मिति, अन्तिम भुक्तानी मिति, ऋण नम्बर, ऋण शीर्षक, ऋणको धितो विवरण, जमानी विवरण

(च) नियमित ऋण (नियमित साँवा, व्याज, किस्ताबुझाउँदै आएको ऋण, भाखा ननाघेको ऋण)

(छ) निश्क्रिय ऋण (नियमित साँवा, व्याज, किस्ता नबुझाएको, भाखा नाघेको ऋण)

(ज) कारवाहीमा परेको ऋण

९. गोपनीयता कायमगर्नु पर्ने :

(क) ऋण सूचना केन्द्रमा भएको डाटाहरु सहकारी संस्थाहरुको ऋण जोखिम न्यूनिकरण गर्न सदस्यलाई ऋण प्रदान गर्न सदस्यको अन्य संस्थाहरुमा भएको ऋणको बारे जानकारी दिने लिने प्रयोजनमा मात्र उपयोग गर्नु पर्नेछ ।

(ख) ऋण सूचना केन्द्रको डाटालाई दुरुपयोग गरी व्यक्तिको गोपनीयता भङ्ग गर्ने सहकारी संस्था, संस्थाका जिम्मेवार व्यक्ति, ऋण सूचना केन्द्रको डाटा सुरक्षाको जिम्मा पाएका व्यक्ति वा पदाधिकारीलाई नगरपालिकाले कारवाही गर्न गर्नेछ ।

१०. डाटा सुरक्षा :

(क) नगरपालिकाले सहकारी संस्थाहरुबाट ऋण सूचना केन्द्रमाप्राप्त गराएको ऋणी सदस्यहरुको विवरण सहितको डाटाको भरपर्दो तरिकाले सुरक्षण गर्नु पर्नेछ । उल्लेखित डाटा सुरक्षण गर्ने जिम्मेवारी नगरपालिका हुनेछ ।

(ख) ऋण सूचना केन्द्रको डाटाहरु अनधिकृत प्रयोग सम्बन्धमा सचेत हुनु पर्छ । नगरपालिका वा सम्बन्ध कुनै पदाधिकारीहरुले आफुलाई प्राप्त भएको जानकारीको गलत उपयोग वा व्यक्तिको गोपनीयता भङ्ग हुने कार्य गर्नु गराउनु हुदैन ।

(ग) उपदफा (ख) को बर्षिलाप कुनै गतिविधि भएमा दफा ९ बमोजिम कारवाही हुनेछ ।

**११. ऋण सूचना केन्द्रको कम्प्युटर प्रणाली प्रयोगको जिम्मेवारी :**

(क) ऋण सूचना केन्द्रको कम्प्युटर प्रणाली प्रयोग सम्बन्धी जिम्मेवारी नगरपालिकाको ऋण सूचना केन्द्र व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

**१२. अनिवार्य आवद्धता :**

(क) नगरपालिकाको नियमन क्षेत्र भित्रका, नगरपालिका भित्र मूख्य कार्यालय भएको बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरु र नगरपालिका भित्र सेवा केन्द्र सञ्चालन गरेका सहकारी संस्थाहरु अनिवार्य रुपमा ऋण सूचना केन्द्रमा आवद्ध हुनु पर्नेछ र नियमित विवरणहरु अद्यावधिक गर्नु पर्नेछ।

(ख) उपदफा (क) बाहेकका सहकारी संस्थाहरुलाई ऋण सूचना केन्द्रमा आवद्ध गराईने छैन ।

**१३. सूचना केन्द्रमा आवद्धता शुल्क :**

(क) ऋण सूचना केन्द्रमा आवद्ध बापत सहकारी संस्थाहरुसँग कुनै शुल्क लिईने छैन ।

**१४. खारेजी र बचाऊ :**

ऋण सूचना केन्द्र सञ्चालन कार्यविधि २०८१ को आवश्यकता अनुसार संशोधन वा खारेज गर्ने अधिकार सहकारी नियमावली २०८० बमोजिम नगरकार्यपालिकालाई हुनेछ ।

२०८१।१२।११

प्रमाणीकरण मिति २०८१।१२।११

स्थानीय सरकार ... पुर भिमि नगरपालिका

आज्ञाले
राम बहादुर के.सी
प्रमुख प्रशासकीय अधिकृत